# हार्दिक बधाई



२०७८ असार ३० गते/जुलाई १४ तारिख बुधबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री **राज शाही** र एलोहिम चर्च भक्तपुरको सदस्य सुश्री **निरू तामाङ्**को एलोहिम चर्च भक्तपुरमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **राज** र **निरू शाही**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७८ श्रावण ३ गते/जुलाई १८ तारिख आइतबार नेइम ललितपुर चर्चको सदस्यहरू श्री **राजेन्द्र श्रेष्ठ** र सुश्री **सृजना मगर**को नेइम ललितपुर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **राजेन्द्र** र **सृजना श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

# विशेष् प्रार्थना

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, सबै राजनैतिक पार्टीहरूको लागि प्रार्थना गरिदिऔं ।

२. अन्धकारको शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, हत्या, आत्माहत्या, लागु पदार्थ, दुर्व्यसन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार, बाल विवाह आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

३. मण्डलीलाई परमेश्वरको इच्छाअनुसार पवित्र आत्माको सहायतामा शिक्षा दिन, हुर्काउन, डोऱ्याउन, आत्मिकी रूपमा वृद्धि गर्न र व्यवस्थित गर्दै लैजानको लागि नेइमअन्तर्गतका सम्पूर्ण अगुवाहरूको लागि प्रार्थना गरिदिऔं ।

४. विभिन्न माध्यमहरूद्वारा प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जान सकून् साथै सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू अनुग्रहको समय छँदै परमेश्वरको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

५. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डली र खीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाइमा सुसमाचार प्रचारको काममा बोझसाथ लागिपर्न सकून् ।

६. सेवा संगति, प्रार्थना, वचन पढाई, प्रशंसा र सुसमाचार प्रचार गर्ने विषयहरूमा मण्डलीका विश्वासीहरू कोही पनि सेलाएर नगएका हुन् ।

७. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै आफै पनि खीष्टमा बनिँदै एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

८. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

९. सारा विश्वभरि फैलिरहेको महामारीको कारण आर्थिक स्थिति कम्जोर भएका, बिरामी हुनुभएकाहरू, शोकमा परेका परिवारहरूको लागि प्रार्थना गरिदिऔं ।

१०. सम्पूर्ण विश्वासीहरू आफ्नो जीवनमा सफलता हासिल गर्न परमेश्वरको बोलावटमा आज्ञाकारी भएर जिउन सकून् ।

११. प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर जानुभएकाहरू अनुग्रहको समय छँदा नै प्रभुमा फर्केर आउन सकून् ।

१२. विभिन्न देशमा पढाइ, रोजगार तथा अन्य कामको लागि जानुभएकाहरूको सुरक्षाको लागि प्रार्थना गरिदिऔं साथै विदेशमा हुनुभएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा खीष्ट प्रभुलाई चिन्न सकून् ।

१३. इस्राएल देशका यहूदी जातिहरूले समयमा नै खीष्ट येशू प्रभुलाई प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।

# जानकारी



कुशादेवी, काफलपाखा, पनौती बस्नुहुने नेइम सुन्दरीजल चर्चको सदस्य श्रीमती ठूली कान्छी तामाङ्  ८७ वर्षको उमेरमा २०७८ असार १० गते/२४ जून २०२१, बिहीबार प्रभुमा सुत्नुभयो ।



त्रिपुरेश्वर बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्रीमती लक्ष्मी श्रेष्ठ ६१ वर्षको उमेरमा २०७८ श्रावण १८ गते/२ तारिक अगष्ट २०२१, सोमबार प्रभुमा सुत्नुभयो ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २४ — 8<br>आराधना सेवा साथै अन्य संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>एज्रा ७:९-१० | ३१ — 15<br>मण्डलीअन्तर्गतका संगतिका झुण्डहरूलाई अगुवाइ गर्नुहुने अगुवाहरू पवित्र आत्माको सहायतामा आफ्नो बगालको हेरचाह गर्न सकून् ।<br>१ पत्रुस ५:१-४ | ६ — 22<br>मण्डलीलाई अगुवाइ गरिरहनु-भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>फिलिप्पी २:१-५ | १३ — 29<br>नेपालमा भएका सम्पूर्ण विश्वासीहरूको असल साक्षीद्वारा धेरै मानिसहरू प्रभुमा आउन सकून् ।<br>एफिसी ४:१७-३२ |
| **सोमबार**<br>Monday | २५ — 9<br>प्रत्येक विश्वासीहरूको व्यक्तिगत, पारिवारिक र मण्डलीसँग मिलेर गरिने प्रार्थनाको मूल्य चुकाई अझ बढेर गएको होस् ।<br>यशैया ६२:६ | ३२ — 16<br>मण्डलीका सबै जवानहरू प्रार्थनाको साथै वचनमा आधारित जीवन जिउन पवित्र आत्माले नै सहायता गरून् ।<br>भजनसंग्रह ११९:९ | ७ — 23<br>येशू प्रभुलाई विश्वास गरेकाहरू साँचो अर्थमा पूर्ण रूपले परिवर्तित भएर परमेश्वरलाई पछ्याउनेहरू हुन सकून् ।<br>एफिसी ५:१-१३ | १४ — 30<br>प्रभुको नाउँको खातिर दु:ख, कष्ट, सतावट, खेदो सहनुपरेकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ११८:५-१६ |
| **मंगलबार**<br>Tuesday | २६ — 10<br>परमेश्वरबाटको उत्तम प्रतिज्ञाहरू जो हाम्रो लागि दिनुभएको छ, सो प्रतिज्ञाहरू घोषणा र दाबी गर्दै परमेश्वरको महिमाको लागि आशिषित् भएर जिउन सकौं ।<br>२ पत्रुस १:३-४ | १ भाद्र — 17<br>मण्डलीका विश्वासीहरूको जीवनमा आइपर्ने दु:ख, कष्ट, सतावट तथा समस्याहरूमा स्थिर रहन साथै समाधानको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ४६:१-११ | ८ — 24<br>पढाइ र कामको क्षेत्रमा रहेका जवानहरू इमान्दार भएर परमेश्वरको साक्षीपूर्ण जीवन जिउन सकून् र उनीहरूको जीवनमा परमेश्वरको आशिष् र ज्ञान बुद्धि मागिदिऔं ।<br>हितोपदेश ९:१०, याकूब १:५ | १५ — 31<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस् ।<br>१ पत्रुस ५:७ |
| **बुधबार**<br>Wednesday | २७ — 11<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर खीष्टको चेला भएर जिउन सकून् ।<br>कलस्सी १:२८ | २ — 18<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, सहयोग, वास्ता गर्नेहरू भई आशिष्को कारण बन्न सकौं ।<br>१ थेसलोनिकी ५:११ | ९ — 25<br>दु:ख-कष्ट, अभाव-घटी, पारिवारिक समस्या विभिन्न कारणले थाकेकाहरू साथै रोगी बिरामीहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४०:२७-३१ | १६ — September 1<br>नेइमअन्तर्गतका शाखा-आवद्ध साथै शुरू भएका संगतिहरूमा सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस् ।<br>मत्ती ९:३५-३८ |
| **बिहीबार**<br>Thursday | २८ — 12<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासी-हरूमा आइपर्ने कुनै पनि समस्याको कारण विचलित नभई प्रभुमा स्थिर रहन सकून् ।<br>हिब्रू १२:१-३ | ३ — 19<br>विभिन्न उद्देश्य लिएर मण्डलीमा आउनुहुने हरेकले परमेश्वरको वचन सुनेर उहाँहरूको हृदय परिवर्तन भएको होस् ।<br>हिब्रू ४:१२-१३ | १० — 26<br>निराश-हतास, चिन्ता-फिक्री, अभाव, रोग आदि समस्यामा परेकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ५५:२२, १४७:३ | १७ — 2<br>मण्डलीका सबै आमा बुवा तथा अभिभावकहरूले आफ्ना बाल बालिकाहरू साथै छोराछोरीहरूलाई प्रभुको प्यार, प्रेम, शिक्षा, अनुशासनमा हुर्काउन सकून् ।<br>व्यवस्था ६:४-९ |
| **शुक्रबार**<br>Friday | २९ — 13<br>परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् ।<br>कलस्सी ३:१३-१७ | ४ — 20<br>सम्पूर्ण विश्वासीहरू एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष्को कारण बन्न सकौं ।<br>यूहन्ना १३:३४-३५ | ११ — 27<br>मण्डलीका सबै वृद्ध/वृद्धाहरू तथा बेथानी आश्रममा बस्नुहुने बज्यैहरूका लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:३-४ | १८ — 3<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ कोरिन्थी १५:५८ |
| **शनिबार**<br>Saturday | ३० — 14<br>प्रत्येक शनिबार आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>भजनसंग्रह ११९:१-१६ | ५ — 21<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरूमा होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून् ।<br>कलस्सी ३:१-२ | १२ — 28<br>परिवारका सबै सदस्यहरू परिवारमा, मण्डलीमा र समाजमा असल साक्षी भएर जिउन सकून् ।<br>एफिसी २:१० | १९ — 4<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ |

**के कुनै आमाले आफ्नो दुधेबालकलाई बिर्सन सक्छे र ? आफूले जन्माएको बालकलाई के त्यसले टिठ्याउँदिन र ? त्यसले बिर्सन पनि सक्छे, तर म त तँलाई बिर्सन सक्दिनँ । हेर्, मैले तँलाई मेरो हत्केलामा खोपेको छु । तेरा पर्खालहरू निरन्तर मेरै सामुन्ने छन् ।**

**(यशैया ४९:१५-१६)**